**International Research Journal of MMC (IRJMMC)**
**ISSN 2717-4999 (Online) | 2717-4980 (Print)**
**Volume 7, Issue 3 │ June 2026**

# रातभरि हुरी चल्यो कथामा शून्यता–दर्शन

**(Śūnyatā Philosophy in the Story** *Rātbhari Huri Chalyo)*

**Sumantaraj Neupane**[1]

[1]Assistant Lecturer
Lumbini Buddhist University, Nepal

**Corresponding Author**
**Sumantaraj Neupane**
Email: srnsumanta@gmail.com

**To Cite this article:** Neupane, S. (2026). रातभरि हुरी चल्यो कथामा शून्यता–दर्शन (Śūnyatā philosophy in the story Rātbhari Huri Chalyo). *International Research Journal of MMC, 7*(3), 234-242. https://doi.org/10.3126/irjmmc.v7i3.97204

**Submitted**: 2 March 2026 **Accepted:** 17 March 2026 **Published:** 15 July 2026

## लेखसार

यस लेखमा इन्द्रबहादुर राईद्वारा लेखिएको रातभरि हुरी चल्यो कथाभित्र प्रयुक्त नागार्जुनको शून्यता दर्शनसँग सम्बन्धित प्रसङ्गलाई पहिल्याएर विश्लेषण गरिएको छ । कथामा प्रस्तुत गरिएको प्राकृतिक हुरीको परिवेश र अन्य परिवेशभित्र पात्रका माध्यमबाट प्रस्तुत गरिएको दर्शनलाई कथानक, मूल्याङ्कन, परिणाम र कथान्तकका आधारमा निष्कर्ष निकालिएको छ । कथाको बाह्य परिवेशका कारण कथाका पात्रको अन्तर्मनमा मानसिक हुरी चल्दछ । यी दुई प्राकृतिक र मानसिक हुरी बिचको सापेक्षिक सम्बन्धले जीवनका कार्य, अनुभव, धारणा, आवेग, व्यवहार आदिमा प्रभाव पारेका छन् । ती प्रभाव परेका विषयहरू परिस्थितिजन्य हुने तथा कार्यकारण शृङ्खला भएकाले ती स्वभावरहित हुन्छन् भन्ने तथ्य प्रस्ट छ । स्वभावरहित तथा सापेक्षिक हुनु नै नागार्जुनको शून्यतादर्शन हो । कालेका बाबु र कालेकी आमाको दैनिक जीवन, आपसी संवाद, र परिस्थितिको उतारचढावलाई मध्यम मार्गीय दृष्टिकोणबाट हेर्दा कथामा प्रतीत्यसमुत्पाद र शून्यतादर्शन प्रयोग भएको स्पष्ट छ । पात्रमा उत्पन्न भएको विचार, त्यस विचारले उत्पन्न गरेको निर्णय र व्यावहारिक परिस्थितिको प्रभावमा विषयवस्तु परिवर्तनशील छ । परिवर्तनशीलतालाई प्रतीत्यसमुत्पादले दार्शनिक रूपमा व्याख्या गरेको छ । यसरी कथाले जीवनका घटना, मानवीय भावना र प्राकृतिक परिवर्तनलाई मध्यमार्गी, परस्पर निर्भर र निःस्वभाव भएको प्रमाणित गरेको छ । यो शून्यता दर्शनको मूल सार हो । यही सारलाई कथाले विषयवस्तु, पात्र, परिवेश आदिका माध्यमबाट प्रस्तुत गरेको छ ।

## Abstract

This article analyzes the aspects of Nāgārjuna's philosophy of **Śūnyatā** employed in Indra Bahadur Rai's story *Rātbhari Huri Chalyo*. The philosophical ideas presented through the natural setting of the storm and other settings depicted through the characters are examined, and conclusions are drawn on the basis of the plot, evaluation, outcome, and ending of the story. The external environment of the story gives rise to a mental storm within the minds of the characters. The relative relationship between these two storms—natural and mental—affects human activities, experiences, perceptions, emotions, and behaviour. It is evident that these affected phenomena are situational and devoid of inherent nature because they arise through a chain of causes and conditions. According to Nāgārjuna, being devoid of inherent



©2026 The Author(s).

nature and existing only in dependence on other conditions constitutes the philosophy of **Śūnyatā**. From the perspective of the Middle Way, the daily life, mutual conversations, and changing circumstances of Kāle's father and Kāle's mother clearly demonstrate the use of **pratītyasamutpāda** (dependent origination) and the philosophy of **Śūnyatā** in the story. The subject matter remains changeable under the influence of the thoughts arising in the characters, the decisions produced by those thoughts, and practical circumstances. This changeability is philosophically explained through **pratītyasamutpāda**. Thus, the story demonstrates that the events of life, human emotions, and natural changes are middle-way, interdependent, and devoid of inherent nature. This is the fundamental essence of the philosophy of **Śūnyatā**, which the story presents through its subject matter, characters, setting, and other literary elements.

***शब्दकुञ्जी:*** शून्यता दर्शन, प्रतीत्यसमुत्पाद, मध्यम मार्ग, सापेक्षिकता, निःस्वभाव, मानसिक हुरी

***Keywords:*** Śūnyatā philosophy, pratītyasamutpāda (dependent origination), Middle Way, relativity, lack of inherent nature, mental storm.

## १. विषयपरिचय

रातभरि हुरी चल्यो इन्द्रबहादुर राईको पहिलो प्रकाशित कथा हो । उनले यस कथामा सामाजिक यथार्थ, गरिबी, दुःख, मानवीय संवेदना र दार्शनिक चेतनालाई सशक्त रूपमा प्रस्तुत गरेका छन् । रातभरि हुरी चल्यो कथा उनको सामाजिक दृष्टि र व्यावहारिक विषयमा प्रयोगशील शैलीको राम्रो उदाहरण हो । यस कथामा बाह्य प्रकृतिमा आएको हुरी र पात्रहरूको मानसिक संसारमा चलेको अदृश्य हुरी बीचको उथलपुथल भएको मिल्दो सम्बन्ध देखाइएको छ । कथाको घटनाक्रम, संवाद र पात्रहरूको आन्तरिक वैचारिक द्वन्द्वलाई नागार्जुनको शून्यता दर्शनका आधारमा हेर्दा कालेका बाबु र आमाको जीवनका घटना र अवस्थाहरू परस्पर निर्भर, परिवर्तनशील र स्वभावरहित रहेको स्पष्ट हुन्छ । यही मिल्दो कारणले शून्यतादर्शनका दृष्टिकोणबाट यस कथालाई हेरिएको छ ।

बौद्धदर्शनमा मुख्यतः चारवटा दार्शनिक मान्यता रहेका छन् । नागार्जुनको शून्यता दर्शन बौद्ध दार्शनिक परम्परामा अत्यन्त महत्त्वपूर्ण स्थान छ । मूलमध्यमककारिका, शून्यतासप्तति र विग्रहव्यावर्तनी जस्ता ग्रन्थहरूमा नागार्जुनले वस्तु र घटनाको निःस्वभावता, प्रतीत्यसमुत्पाद, र मध्यम मार्गको तत्त्वलाई व्याख्या गरेका छन् । नागार्जुनको शून्यता दर्शनबारे आर्यदेव, स्थविर बुद्धपालित, भावविवेक, चन्द्रकीर्ति, शान्तिदेव, शान्तरक्षित (कुमार, २०१८, पृ १) लगायतका विद्वान्हरूले घनीभूत व्याख्याविश्लेषण गरेका छन् । यस दर्शनअनुसार कुनै पनि वस्तु वा घटना स्वतः स्वरूपमा अस्तित्वमान हुँदैन; बरु, तिनको अस्तित्व अन्य कारणहरूसँग निर्भर रहन्छ । यसैलाई प्रतीत्यसमुत्पाद भनिन्छ । प्रतीत्यसमुत्पादलाई नै शून्यता भनिन्छ । संवृति सत्य र पारमार्थिक सत्यका आधारमा शून्यताका अन्य विशेष लक्षण भए पनि रातभरि हुरी चल्यो कथामा देखाइएको प्राकृतिक विपत्ति, पारिवारिक सम्बन्ध, मानसिक उतारचढाव र सामाजिक व्यवहारजस्ता विषय निर्भरता, सापेक्षिकता, निःस्वभावता आदिका प्रत्यक्ष उदाहरणका रूपमा आएका छन् ।

राईको यस कथामा प्रयुक्त शून्यताको विश्लेषण गरिएको छ । उनको यस कथामा प्रयुक्त दर्शन अध्ययन गरी लेखकीय विचारमा पनि शून्यता खोजी गरिएको छ । यस कथामा प्रयुक्त शून्यता दर्शनका मूलभूत मान्यतालाई उल्लेख गरिएको छ । त्यही उल्लेख गरिएको शून्यतादर्शनका आधारमा कथाको विश्लेषण गरिएको छ । विश्लेषणको आधारका लागि कथानक, मूल्याङ्कन, परिणाम र कथान्तकलाई लिइएको छ (मो. शर्मा, २००६, पृ.३०९) । शून्यतादर्शन कहाँ र कसरी प्रयोग भएको छ भन्ने आधारमा यसको समस्याकथन गरिएको छ । समस्याकथनका आधारमा समाधानका लागि उद्देश्यकथन गरिएको छ । राईको यो कथालाई नागार्जुनको शून्यतादर्शनका आधारमा

मात्र हेरिनु यस लेखको सीमा हो । माथि उल्लेख गरिएका आधारमा सिलसिलेबार रूपमा अध्ययन गरी निष्कर्ष निकाल्ने कार्य यस लेखमा गरिएको छ ।

**१.१ समस्याकथन**

रातभरि हुरी चल्यो कथामा प्राकृतिक विपत्ति र मानवीय मनोविज्ञानको अन्तर्सम्बन्ध छ । प्रायशः कथामा लेखकलाई आकर्षण गरेको दर्शनको प्रभाव पनि परेको हुन्छ । राईका उत्तरार्धका कथाहरूमा शून्यता समाविष्ट छ । यस कथामा पनि नागार्जुनको शून्यता दर्शनसँगको सम्बन्ध स्पष्ट रूपमा बोध गर्न सकिने गरी सो विषयको खोजी हुनु आवश्यक छ । कथाको रचनाविधान, पात्रहरूको विचार र निर्णयमा देखिने परिवर्तन, परिवेशले पात्रमा पारेको मनोवैज्ञानिक असर आदिको अध्ययन गर्दा पहाडी जीवनयापनको यथार्थ र सामाजिक यथार्थवादी चिन्तन छँदै छ तथापि यहाँ दार्शनिक चेतका आधारमा शून्यता दर्शन खोज्नु उपयुक्त छ । यस कथाको शून्यतासम्बन्धी दार्शनिक आधारलाई पहिल्याई विश्लेषण गर्नु उपयुक्त हुन्छ ।
यही समस्याकथनका आधारमा निम्न समस्याहरू देखाइएका छन्ः

- कथानक, मूल्याङ्कन, परिणाम र कथान्तकभित्र शून्यताका प्रसङ्ग के–कस्तो छ ?
- कथामा शून्यता दर्शनले कसरी प्रविष्टि पाएका छन् ?

**१.२ उद्देश्य**

यस अध्ययनको उद्देश्य इन्द्रबहादुर राईको यस कथालाई साहित्यिक र दार्शनिक दुवै दृष्टिकोणबाट विश्लेषण गर्दै, शून्यता दर्शनसँगको अन्तर्सम्बन्धलाई स्पष्ट गर्नु हो । यस अनुसन्धानका मुख्य उद्देश्यहरू यस प्रकार छन्ः

- कथानक, मूल्याङ्कन, परिणाम र कथान्तकभित्र शून्यताका प्रसङ्ग पहिल्याउनु ।
- कथामा शून्यता दर्शनको प्रविष्टि विश्लेषण गर्नु ।

**१.३ अनुसन्धान विधि**

यस अनुसन्धानमा पाठ विश्लेषण विधिको प्रयोग गरिएको छ । यो गुणात्मक अनुसन्धान हो । यसमा रातभरि हुरी चल्यो कथाभित्र शून्यता दर्शनको प्रयोगको खोजी गरिएको छ । तथ्याङ्क सङ्कलनअन्तर्गत प्राथमिक स्रोतमा राईको कथा रातभरि हुरी चल्यो, मूलमध्यमककारिका, शून्यतासप्तति, विग्रहव्यावर्तनी कृतिहरू रहेका छन् । असम्भाव्य नमूना छनौटअन्तर्गत सम्पूर्ण जनसंख्याको विशेष एकाइहरूलाई उद्देश्यपूर्ण रूपमा नमूना निर्माणको लागि छनौट गरी (Kothari & Garg, 2024, P. 55) छनौटपश्चात त्यस एकाइलाई प्रतिनिधिमूलक बनाइएको छ । कथाभित्रको प्रसङ्ग छनौट गर्दा शून्यतासँग मेल हुने असम्भाव्य नमुना छनौटअन्तर्गतको कोटा (अंश) नमुना छनौट गरिएको छ । द्वितीयक स्रोतअन्तर्गत पुस्तक तथा लेख र अन्य आधिकारिक वेभसाइटबाट सामग्रीहरू (अधिकारी र पाण्डे, २०२२, पृ. १७६) खोजी गरी प्रयोग गरिएको छ । पाठ विश्लेषण गर्नका निमित्त सैद्धान्तिक पृष्ठाधारमा शून्यता परिभाषित छ । सिलसिलेबार रूपमा कथानक, मूल्याङ्कन, परिणाम र कथान्तक तत्त्वका आधारमा विषयको व्यवस्थापन र वर्गीकरण गरिएको छ । पाठको अन्तर्निहित अर्थ खोजी शून्यता दर्शनका कुन प्रसङ्गसँग मेल खान्छन् सो छनोट गरी विश्लेषण गरिएको छ । सन्दर्भका निमित्त एपिए सातौँ संस्करण प्रयोग गरिएको छ ।

## १.४ सैद्धान्तिक पृष्ठाधार

बौद्ध दर्शनअन्तर्गत चार महत्त्वपूर्ण दार्शनिक मतमध्ये माध्यमिक दर्शनको शून्यता महत्त्वपूर्ण मत वा दर्शन हो । बौद्ध देशनामा उल्लिखित शून्यतालाई नागार्जुनले स्थापित गरेका हुन् । उनीद्वारा स्थापित शून्यतालाई तार्किक आधारमा खण्डनमण्डनसहित पुष्टि गरिएको पाइन्छ । अनुवर्ती विद्वान्हरूले पनि यस मतको पृष्ठपोषण गरेका छन् । बौद्धमतानुसार शून्यताको अर्थ रित्तो वा खाली नभई वस्तुहरूको आफ्नो निजी स्वभाव नहुनु हो । त्यसर्थ शून्यतालाई निःस्वभावता भनिन्छ । प्रत्येक वस्तु परस्पर निर्भर भएकाले तिनीको निजी स्वभाव नभएको भनिएको हो । निर्भरता हुनु शून्य हो (नागार्जुन, मूलमध्यमककारिका २४ परीक्षा । श्लोक १९) । अन्यमा निर्भर हुनुपर्ने भएकाले वस्तुहरू स्वभावरहित हुन्छन् (नागार्जुन, १९९४, श्लोक २१) भनिएको हो । सबै वस्तुहरू हरेक प्रकारले स्वभावरहित भएकाले तिनीहरूको स्वभाव हेतु, प्रत्ययको समग्रतामा अलग अलग अवस्थामा वा सम्मिलित अवस्थामा भेटिँदैनन् । तसर्थ ती शून्य छन् (नागार्जुन, १९९६, श्लोक ३) । धर्महरूको सामान्य लक्षण अथवा यथाभूत लक्षण भनेको निःस्वभावता वा शून्यता हो र त्यसलाई जान्नु नै प्रज्ञा हो (जोशी २००९, पृ. ११) । प्रज्ञाद्वारा भिन्न शून्यता नामको कुनै वस्तु हुँदैन (Kamalaśīla,1986, P. 201) । प्रज्ञाद्वारा शून्यताको साक्षात्कार हुन्छ ।

कुनै पनि वस्तुको उत्पत्ति हुँदा धारण गर्ने धर्म वा गुण अरूबाट साभार हुन्छ । अरूबाट लिइएको धर्म मिथ्या हो । मिथ्या स्वभावरहित हुन्छ र स्वभावरहित शून्यता हुन्छ (नागार्जुन, मूलमध्यमककारिका १३ परीक्षा । श्लोक २) । यसको अर्थ सबै वस्तुहरू अन्यथा स्वरूपमा देखिन्छन् । सबै वस्तु अन्यथा स्वरूपमा देखिने भएकाले स्वभावरहित हुन्छन् (नागार्जुन, मूलमध्यमककारिका १३ परीक्षा । श्लोक ३) । वस्तु वा विषयका बारेमा बनाइएका धारणा वा दृष्टिकोण सही होइनन् । ती स्वपक्षीय हुन् । वास्तवमा सबै भावहरू शून्य छन् (नागार्जुन, मूलमध्यमककारिका २७ परीक्षा । श्लोक २९) ।

सबै भाव स्वभावतः शून्य हुन्छन् । त्यसैले प्रतीत्यसमुत्पादको देशना गरिएको हो । प्रतीत्य भनेको प्राप्तिको अपेक्षा अर्थात कारण हो । समुत्पाद भनेको उत्पन्न हुनु वा कार्य हो । सबै वस्तुहरू सापेक्ष भएर उत्पन्न भएका छन् (नागार्जुन, १९९६, श्लोक ६८) । प्रत्येक वस्तु कार्यकारण सिद्धान्तमा आधारित छन् । त्यसर्थ तिनीहरूलाई प्रतीत्यसमुत्पादमा आधारित छन् भनिएको हो । प्रतीत्यसमुत्पाद नै शून्यता हो । शून्यता कुनैमा निर्भर रहेर भाषाको व्यवहार मात्र हो । शून्यता भनेकै मध्यम प्रतिपद् हो (नागार्जुन, मूलमध्यमककारिका २४ परीक्षा । श्लोक १८) । शून्यता, सापेक्ष उत्पत्ति र मध्यम प्रतिपद् समानार्थक हुन् (नागार्जुन, १९९४, श्लोक ७१) ।

सांसारिक मायाजाल प्रपञ्चमय छ । यो प्रपञ्च कर्म र क्लेशका कारण उत्पन्न हुन्छ । शून्यतामा प्रपञ्च पनि समाप्त हुन्छ (नागार्जुन, मूलमध्यमककारिका १८ परीक्षा । श्लोक ५) । शून्य अनुत्पन्न र अनष्ट हुन्छ (नागार्जुन, मूलमध्यमककारिका २० परीक्षा । श्लोक १८) । शून्यतालाई निषेध गर्न सकिँदैन (नागार्जुन, १९९४, श्लोक ६२) । सबै दृष्टिलाई निषेध गर्नु पर्दछ । निषेधपश्चात् भन्न सकिन्छ कि सबै दृष्टिहरूको अप्रवत्ति नै शून्य हो । यो शून्य असाध्य छ (नागार्जुन, मूलमध्यमककारिका १३ परीक्षा । श्लोक ८) । त्यसर्थ सबै दृष्टिहरूलाई विनाश गर्नुपर्दछ । (नागार्जुन, मूलमध्यमककारिका २७ परीक्षा । श्लोक ३०) । सबै दृष्टिको विनाशपश्चात् उपेक्षाभावले हेरे शून्यतालाई बुझिन्छ । सबै दृष्टिको विनाश गर्दा शून्यताको पनि विनाश हुने मतको खण्डन तथा भाषिक व्यवहारका लागि नै संवृति सत्य अर्थात् लोकव्यावहारिक सत्यका आधारमा शून्यताको व्याख्यान गरिन्छ । परमार्थतः शून्य छ ।

कथाकार राईले आधुनिक नेपाली कथाका यथार्थवादी र प्रयोगवादी दुबै धारामा समान योगदान पु¥याए पनि यिनी प्रयोगवादी र नवप्रयोगवादी कथाकारका रूपमा स्थापित छन् तर यिनले स्थापना गरेको बौद्धिक र जटिल प्रस्तुतिजन्य प्रयोगवादी र नवप्रयोगवादी कथा–धारा प्रयोगशील बने पनि प्रणालीबद्ध बन्न सकेको छैन (उ. शर्मा, २०८१, पृ.७) । रातभरि हुरी चल्यो कथामा पनि निजी स्वभाव नभएको, निःस्वभावता, निर्भरता, स्वभाव शून्यता,

प्रपञ्चको समाप्ति, सर्वदृष्टिविनाश आदि गुण देखिन्छन् तर राईको साहित्यलाई नागार्जुनको शून्यवादी दृष्टिकोणका आधारमा अनुसन्धान गर्दा यहाँ साहित्यभित्र प्रविष्टि पाएको दर्शन अव्यवस्थित तर स्पष्ट देखिएको छ।

## २. नतिजा र विमर्श

### २.१ कथानकमा शून्यता

रातभरि हुरी चलिरहेका कारण कालेका बाबु र कालेकी आमालाई घरको छाना उडाउला कि भन्ने डर छ। दुवैले घरको अवस्थाको र वस्तुस्थितिको अवलोकन गर्छन् (राई, २००४, पृ.७)। रातको समयमा उनीहरूका लागि मुख्य विषय घर राम्ररी समाल्ने भन्ने मात्रै हो। यस कथाको सुरुवातमा घर समाल्ने मुख्य विषयवस्तुको बोध गरिएको छ। नागार्जुनको मतानुसार वस्तुको स्वभाव र परभाव नभए पनि (नागार्जुन, मूलमध्यमककारिका १ परीक्षा। श्लोक ५) वस्तु चाहिँ स्वयंमा हुने बोध हुन्छ (नागार्जुन, मूलमध्यमककारिका १ परीक्षा। श्लोक १२)। बोध भएको विषयवस्तुमा दुई पक्ष समाविष्ट छन्। यहाँ घरको अवस्था पानी पर्नुसँग सम्बन्धित छ। पानी परिरहे घरको अवस्था बिग्रन्छ। यी विषय त्यस परिवेशमा एकआपसमा निर्भर भएकाले शून्यता छ। निर्भरता नै शून्यता हो (नागार्जुन, मूलमध्यमककारिका २४ परीक्षा। श्लोक १९)। यहाँ पानी नपर्नु घर नभत्किनुसँग सम्बन्धित रहेको छ।

कथामा हावा रोकिनु पर्ने कालेकी आमाको विचार आउँछ। यहाँ आएको विचार मात्र हो। पानी रहने कुनै छाँट छैन र फेरि दर्कन लाग्छ। कालेका बाबुले यस्तो पहिरोमा घरबास गर्नु उचित ठह¥याउँदैन। पानी अझै जोडले दर्कन्छ। घरभित्र चिस्यान बढ्दै छ। काले र कालेकी बहिनी सुतेका छन्। पानीले बिगार गर्दा कालेकी आमालाई उसको कारणले यस ठाउँमा आई बास गर्नुपर्यो भन्दै रिसाउँछ। दुई बिचको सामान्य भनाभन हुन्छ (राई, २००४, पृ.८)। दुवैले आफ्नो अहं दृष्टिलाई विषयान्तर गरी सामान्यीकरण गर्छन्। उक्त बाससम्बन्धी दृष्टिकोण पूर्ण रूपमा निषेध हुन्छ। दृष्टिकोणहरू नथप्नु, नबढाउनु भनेको विचार कम उत्सर्जन गर्नु र विषयान्तर गरी सामान्यीकरण गर्नु हो। सबै दृष्टिकोणहरूको विनाश गरिएमा शून्यता दर्शन हुन्छ (नागार्जुन, मूलमध्यमककारिका २७ परीक्षा। श्लोक ३०)। त्यस अवस्थामा विवादको कुनै अर्थ छैन। यस समयमा कुनै पनि दृष्टिकोण स्वीकार्य हुँदैन।

कथानकअनुसार पानीझरी कम हुँदै जान्छ। दुई बिच समय र पानीका विषयमा सामान्य भलाकुसारी हुँदै जान्छ। ढोका खोलेर बाहिर हेर्दा अँध्यारो भएकाले रुङदुङ खोला भयानक किसिमले अनेक चिज अगाडि बगाउँदै ल्याएको आवाजले कालेको बाबुले अड्कल काट्छन्। टर्च बालेर गोठमा पानीले बनाएको बिजोगलाई मिलाउने प्रयास गरे पानी अझै बढी पर्न थाल्छ। दुवै मिलेर गोठको काम सिध्याउँछन्। कालेका बाबुले चिया सोध्छन्। माथि छप्पर नहल्लिने गरी डोरी बाँधेर तल जाँतोमा कस्छन्। हावाले छप्परमा केही चिज झार्दा कालेका बाबु तर्सिन्छन् र अलिक शान्त भएपछि सुत्न जान्छन् (राई, २००४, पृ.११)। शान्त हुनु भनेको प्रपञ्चको समाप्ति हो। सांसारिक मायाजाल प्रपञ्चमय छ। यो प्रपञ्च कर्म र क्लेशका कारण उत्पन्न हुन्छ। शून्यतामा प्रपञ्च पनि समाप्त हुन्छ (नागार्जुन, मूलमध्यमककारिका १८ परीक्षा। श्लोक ५)। कथाले शान्त अवस्थामा पुर्याउनु भनेको शून्यतामा पुर्याउनु हो।

कथानक अघि बढ्दै जाँदा कालेका बाबुले घर आँगनका बोटहरू रहेनन् होला भनी सोच्दछन्। अलिकति ब्युँझदा हावा हुरी पानी बेपत्ता चल्छ (राई, २००४, पृ.११)। यहाँ कालेका बाबुले न त राम्ररी सुत्न पाएका छन् न त उनी रातैभरि जागृत बस्ने रहर छ। दुवै प्रवृत्तिको अर्धजागृत अवस्थाको मध्यमार्गी भएर कार्य गरिएको छ। कतै ठुलै आवाज आएकाले र भूईं नै हल्लाएकाले कालेकी आमालाई कालेले उठाउँछन्। बाहिर पहिरो गएर किम्बुको बोट त्यसैमाथि ढल्छ। कालेका बाबुलाई बिहान भएजस्तो लाग्छ। कुखुराले कुखुरी काँ गर्छ। कालेकी आमा बिहान दुध बेच्न जाँदा किल्ला काँटी ल्याउन कालेका बाबुले सम्झाउँछन्। कालेकी आमाले पनि छोराछोरीलाई स्कुल नपठाउन भन्छिन्। मोक्तान बाबुकोमा दुध दिन जाँदा बाबुनीसँग हिजो बेलुकीको हावाहुरीका विषयमा संवाद हुन्छ। बाबुनीले

रातभरि खिड्की घिटिक् घिटिक् रातैभरि गरेकाले सुत्न नपाएको कुरा गर्छिन् । कालेकी आमाले झन्डै घरै उडाएको भनेर गुनासो गर्छिन् । बाबुनीले आफ्नै समस्यालाई ठुलो मानिन् र लुगा–किताबहरू भिजेको कुरा बताइन् (राई, २००४, पृ.१२) । दुवैले एक अर्काको समस्यालाई सामान्य मानेका छन् । सामान्य मात्रै होइन नकारेका पनि छन् । दुवैका विचार एउटै समस्याका दुई प्रवृत्तिलाई नकारिएको छ । हुरी बतासका कारण दुवैमा आएका समस्यालाई एक अर्काको मनस्थितिले नकारेको छ । संसार नाशवान् छ भन्ने उच्छेदवादी र संसारकै वकालत गर्ने शाश्वतवादीलाई नकारेपछि (नागार्जुन, १९९६, श्लोक २४–३८) मात्र मध्यम मार्गको प्राप्ति हुन्छ । यो मध्यम मार्गको प्राप्ति नै शून्यताको प्राप्ति हो ।

कथाको घटनाक्रम अघि बढ्दै जाँदा कालेकी आमालाई खानलाउन मात्रै अहिले गरेको जस्तो दुःख किन गरेको होला भनी विचार आउँछ । यसरी आएका अनेक विचारहरू मस्तिष्कमा मडारिइरहन्छन् । ती न त सँगै जोडिएर बस्न सक्छन् न त विशृङ्खलित अवस्थामा रहिरहन सक्छन् । तसर्थ ती शून्य छन् (नागार्जुन, १९९६, श्लोक ३) । कालेकी आमाको मनमा रिसहरूको हुरी चल्छ । दोरङ्गाकामा कालेकी आमाले दुध दिन्छिन् । दोरङ्गिनीले भोलि बढी दुध ल्याउन भन्छिन् । हावाहुरी चलेकाले र ठेक्का पुर्याउन मुस्किल भएकाले भोलि ल्याउन नसक्ने अवस्था हुन सक्छ भनी कालेकी आमाले बताउँछिन् । यस्तो पानीमा अर्कोतिर खोज्न जान नसक्ने भएकाले यही ल्याइदिन दोरङ्गिनीले कालेकी आमालाई भन्छिन् । दोरङ्गिनीको सुकिलो मुकिलो अवस्थालाई नियाल्दै दुध नपुग्ने र पानी यसै गरी परे भोलि नआउने जानकारी दिन्छिन् । आफू अब गाउँमा नबस्ने निधो गर्दै फत्फदाउँदै कालेकी आमा अगाडि बढ्छिन् । कालेकी आमालाई आफ्नै निर्णयले खुसी तुल्याउँछ । कालेकी आमाले सहरमा दर्जिनीसँग कोठाभाडा खोजी गर्छिन् (राई, २००४, पृ.१४) । यहाँ कार्यकारण शृङ्खला अर्थात् प्रतीत्यसमुत्पाद उपस्थापित छ । प्रतीत्य भनेको प्राप्तिको कारण वा अपेक्षा हो । समुत्पाद भनेको प्रादुर्भाव हो । प्रतीत्यसमुत्पाद नै शून्यता हो । शून्यता कुनैमा निर्भर रहेर भाषाको व्यवहार मात्र हो । शून्यता भनेकै मध्यम प्रतिपद् हो (नागार्जुन, मूलमध्यमककारिका २४ परीक्षा । श्लोक १८) । सहरमा डेरा लिने कार्यको प्रादुर्भावको मूल कारण मोक्तान्नीसँगको संवाद र दोरङ्गिनीको भनाइमा आश्रित भएका कारण वा अपेक्षाले हो । कालेकी आमाको मनमा दुई महिलासँग संवाद गर्नुअघि नै सहरमा बस्ने पहिल्यै विचार आइसकेको थियो । मात्र भाषिक व्यवहारले त्यस कार्यमा पुष्टता प्रदान गरेको छ ।

कालेकी आमा बी.बी. गुरुङकोमा दुध दिन जाँदा मान्छे जम्मा भएको देखी मनमनै बुढाबुढी मध्ये एकलाई केही भएको धारणा बनाउँछिन् । कालेकी आमाले बी.बी. गुरुङकी श्रीमती बिरालोका कारणले सिँढीबाट लडेको विषय थाहा पाउँछिन् । बी.बी. गुरुङकी श्रीमती कालेकी आमा पुग्ने बित्तिकै मरेकी हुन्छिन् । चौकिदारनीलाई कालेकी आमाले दुध दिन्छिन् । चौकिदारनीसँग कालेकी आमाको हुरीका विषयमा गफ हुन्छ । चौकिदारनीले कालेकी आमाको गाउँमा दुःख भएको बताउँछिन् । कालेकी आमाले चौकिदारनीलाई गाउँमा दुःख नभएको विषयमा गतिलो जवाफ दिन्छिन् (राई, २००४, पृ.१६) । कालेकी आमा त्यहाँ बारी गर्न गएकी हुन् । सहरमा कुचुक्क परेर बस्नुभन्दा गाउँमा अलि ठूलो ठाउँमा बस्नु राम्रो सम्झेर आएकी हुन् । दुध बेच्न जाने क्रममा बारम्बार विचारमा परिवर्तन हुनु विचारको अनित्यता हो । कालेकी आमामा नवीन सोचाइ आएको छ । त्यो गहिरो ज्ञान भनेको लेखा जस्तो छ त्यस्तै हुन्छ । सहरको सुख भोग गर्ने बी.बी. गुरुङकी श्रीमती जस्तीले त मर्नुपर्छ । मर्नुबाँच्नु एक नियमित प्रक्रिया भएको तथा गाउँमै बसेर मरिन्छ नै भन्ने पनि होइन भन्ने निष्कर्ष निकाल्छिन् । लोक व्यवहारमा जन्म र मृत्युलाई स्विकार्नु पर्दछ । स्थिति, उत्पत्ति, विनाश, सत्, असत्, हीन, मध्यम, उत्कृष्ट लोक व्यवहारका लागि मात्र हुन् । तत्त्वतः यी छैनन् (नागार्जुन, १९९६, श्लोक १) । त्यसर्थ यस्तो ज्ञानको चेतना कालेकी आमालाई व्यवहारबाट प्राप्त भएको छ । त्यसैले कालेकी आमाले गाउँमा बस्ने निर्णय गरेकी हुन् ।

जब लोक व्यवहारका लागि मात्र स्थिति, उत्पत्ति, विनाश आदि क्रियाको जानकारी हुन्छ तब कार्यकारण शृङ्खला रहेछ भन्ने बुझिन्छ। कार्यकारण शृङ्खलाले प्रतीत्यसमुत्पादलाई पृष्ठपोषण गर्दछ। प्रतीत्यसमुत्पाद भनेकै शून्यता हो।

हुरीले बिगारे पनि भोलिपल्ट सपार्न सकिने जवाफ कालेकी आमाले दिन्छिन्। कालेकी आमाले कर्ममा विश्वास गरेकी छिन्। कर्म कहिल्यै विनाश हुँदैन। कर्म विनाश नहुनुको कारण कर्म स्वयं निःस्वभाव भएकाले हो (नागार्जुन, मूलमध्यमककारिका १७ परीक्षा। श्लोक २१)। जुन निःस्वभाव हुन्छ, त्यो शून्य हुन्छ। यही मर्मलाई मनन गर्दै कालेकी आमा किलाकाँटी लिएर घरतिर लाग्छिन्।

## २.२ मूल्याङ्कनमा शून्यता

यस कथामा पहाडी गाउँमा बस्दा पानी हावा हुरी आएका समयमा धेरै ठुलो समस्या हुने जनाउ दिइएको छ। कालेका बाबु र आमालाई समस्या परेको देखाइएको छ। काले र कालेकी बहिनी मस्तसँग सुतिरहेका छन्। कालेका बाबु र आमालाई समस्या पर्नुको मूल कारण हावा हुरी नै हो। रातभरि हुरी चलेको र दिनभरि सोही हुरीका कारण कालेकी आमाको मस्तिष्कमा चलेको मानसिक हुरी (राई, २००४, पृ.१३) लाई चित्रण गरिएको छ।

बाह्य प्रकृतिमा देखिएको हुरीले कालेकी आमा मानसिक रूपमा स्वभावैले अस्तव्यस्त देखिएकी छिन्। यहाँ प्राकृतिक हुरी र मानसिक हुरी बिच सापेक्षिक सम्बन्ध देखाइएको छ। बाह्य रूपमा प्रकृतिमा हुरी नचल्दो हो त मानसिक हुरी चल्ने थिएन। कालेकी आमाको रिसहरूको हुरीको उपस्थितिको मुख्य कारण राति आएको हुरी नै हो। त्यसर्थ दुई बिच सापेक्षिक सम्बन्ध छ भनिएको हो। बाहिरी हुरी चल्दा भित्री हुरी चल्दछ। यसरी सापेक्षिक र सम्बन्धित भएर अस्तित्वमा आउनु शून्यता हो। सापेक्षिक हुनु भनेको निस्वभाव हुनु हो। यो दुई विषय अस्तित्वमा छन् र स्वभावरहित पनि छन् (नागार्जुन, १९९४, श्लोक २२)। त्यसर्थ ती हुरीहरूको प्रसङ्गमा शून्यता छ।

श्रीमान् र श्रीमती बिचको भनाभन सामान्य विषय भएको सूचित गरिएको छ। कालेका बाबु र आमाको झगडाको सुरुवातमा राग, द्वेष र मोहले स्थान पाएको छ। गाउँको जीवनप्रतिको राग र मोहले उत्पन्न गरेको आशक्ति (राई, २००४, पृ.८ र १६) र वितृष्णा (राई, २००४, पृ.१४), सहरको सहजताले उत्पन्न गरेको आशक्ति (राई, २००४, पृ.१४) र वितृष्णा (राई, २००४, पृ.१६) को वैचारिक द्वेषलाई समायोजन र शमन गर्न कालेकी आमाको आग्रहमा दुवै गाउँ पसेका हुन् साथै पुनः कालेकी आमाले गाउँमै बस्ने निर्णय गरेकी हुन्। कहिले गाउँप्रतिको सकारात्मक र नकारात्मक धारणा, कहिले सहरप्रतिको सकारात्मक र नकारात्मक धारणा कल्पना मात्र सावित भएका छन्। कथाको सुरुवाती प्रसङ्गबाट अन्त्यसम्म आउँदा विचारमा आएको विचलन पुनः सोही गाउँकै सुखमा आएर अडिएको छ। यसबाट विषयप्रतिको राग, द्वेष र मोह कल्पना मात्र भएको प्रमाणित हुन्छ (नागार्जुन, १९९६, श्लोक ६०)। त्यो कल्पना मात्र भएका हरेक विषय र वस्तु सत्य हुँदैनन्। भ्रान्ति हुन्छन्। कल्पनाद्वारा कल्पित वस्तु सत्य हुँदैनन् तर कल्पित वस्तुकै अभावमा कल्पना सत्य हुँदैन किनभने कल्पित वस्तु र कल्पना परस्पर सापेक्ष हुन्। त्यसर्थ ती शून्य हुन् (नागार्जुन, १९९६, श्लोक ६१)। धारणाहरूको शमन नै शून्यताका लागि जनाउ भएको छ।

यस कथामा गाउँको गरिबी पनि उल्लेख गरिएको छ। यही गरिबीका कारण मानिसले जानेर नजानेर आफैँ समस्या सिर्जना गर्छ। गाह्रोसारो पर्दा श्रीमती र श्रीमान्ले एकअर्काको साथको अपेक्षा गर्दछन्। साह्रो हुरी चल्यो, कसो गर्नु हँ माइली भन्ने कालेका बाबुको भनाइबाट थाहा हुन्छ। यस प्रसङ्गमा श्रीमान्ले श्रीमतीको भरथेग माग गरेको छ। कथाको पूर्ण प्रसङ्गमा दुवैले एकअर्कालाई साथ दिएका छन्। जाँतो बाँध्न एक्लै सम्भव थिएन। चिया पकाएर खान पनि श्रीमतीको साथ चाहिएको छ (राई, २००४, पृ.१०)। श्रीमान् नभए श्रीमतीको पनि साथ र अवस्था उजाड हुने परिस्थिति छ। किलाकाँटी ल्याउने र छोराछोरीलाई स्कुल नपठाउने प्रसङ्ग पनि एकको निर्णय अर्काको कार्यान्वयन भएकाले पूर्णरूपले निर्भर छन्। निर्भरताको धारणाले यस कथामा स्थान पाएको हो। त्यो निर्भर हुनु

भनेको शून्य हुनु हो (नागार्जुन, मूलमध्यमककारिका २४ परीक्षा। श्लोक १९)। एक अर्कामा निर्भर हुनु भनेको आफ्नो स्वभाव नहुनु हो (नागार्जुन, १९९६, पृ.३)। कालेकी आमाको रिस पनि स्वभावरहित छ। यो बाह्य घटना भएमा मात्र उत्सर्जित हुन्छ। अन्यथा शान्त अवस्थामा रहन्छ। त्यसर्थ यस कथाको मूल्याङ्कनको आधारमा पनि शून्यताको प्रयोग छ।

यस कथामा बाबुलाई घरको व्यवस्थापनको चिन्ता र आमालाई छोराछोरीको चिन्ता देखाइएको छ। दुध बेच्न जाने क्रममा कालेकी आमाको विभिन्न प्रकृतिका महिलाहरूसँग भेट हुन्छ। महिला महिला भेटमा लामा कुराकानी हुनु स्वाभाविक हो। गफ सुनाउने क्रममा मानिसलाई अरूको भन्दा आफ्नो समस्या सबैभन्दा ठूलो लाग्छ। यस कथामा प्रकृतिमा हुरी चल्नुका साथै विचार नमिल्दा व्यक्ति व्यक्तिमा रिसहरूको हुरी चल्न सक्छ।

प्रकृतिको हुरीको सापेक्षिक सम्बन्ध कालेकी आमाको मानसिक हुरीसँग रहेको छ। कालेकी आमामा मानसिक हुरी चल्ने प्रमुख कारण सहरका विभिन्न महिलासँग भेट्नु पनि हो। उनीहरूको विचार सुन्नु हो। यी विचारहरू रातिको हुरीका कारण उत्पन्न भएका हुन्। अपेक्षासहित उत्पन्न हुने भएकाले ती शून्य हुन् (नागार्जुन, १९९४, पृ.६८) भनिएको हो।

## २.३ परिणाममा शून्यता

यस कथामा सहरमा बस्नेले गाउँमा बस्नेलाई अलि बढी हेप्ने र होच्याउने गरेका छन्। गाउँमा बढी जोखिम देखाइएको छ। तर, बी.बी. गुरुङकी श्रीमतीको उदाहरणअनुसार मृत्युले आफ्नो परिवेश आफै निर्धारण गर्दछ भन्ने निष्कर्ष निक्लन्छ।

चौकिदार्नीको प्रश्नको जवाफमा स्वतः दह्रो भएर समस्या जतातलै भएको र त्यसलाई सम्हालेर, समेटेर लिएर जानुपर्ने धारणा कालेकी आमाले राखेकी छिन् (राई, २००४, पृ.१६)। कालेकी आमाले मृत्युलाई भयानक सम्झिन्छिन्। उनको धारणाअनुसार हावाहुरीले सहरतिर सामान्य बिगार्छ तर गाउँमा उनका गाउँघरतिर मृत्युको जोखिम आँकलन गर्छिन्। बी.बी. गुरुङकी श्रीमती मरेको थाहा पाएपछि उनको धारणामा परिवर्तन आउँछ। जहाँ पनि मृत्युको सम्भावना हुनेरहेछ। मृत्यु अवश्यम्भावी भएको बुझेर दह्रो मन बनाएकी कालेकी आमाले मृत्युको अस्तित्वलाई स्विकारेकी छिन्। प्रकृतिको विनष्ट स्वभावलाई कालेकी आमाले सहज र स्वाभाविक मानिन्।

प्रकृतिबाट प्राप्त हुने उपहार (फल आदि) दण्ड विनाश स्वाभाविक प्रक्रिया हो। त्यसमध्ये सकारात्मक उपहारको आशा गर्नु स्वाभाविक हो। त्यही उपहारको अपेक्षासहित ग्रामीण भेगमा गई फराकिलो जीवन जिउने इच्छा कालेकी आमाको हो। त्यसर्थ उनले प्रकृतिको फलको अपेक्षामा अस्तित्वमा आउने चाहना राखेकी छिन्। सापेक्ष भएर अस्तित्वमा आउनु शून्यता हो (नागार्जुन, १९९४, पृ.२२)। यहाँ कालेकी आमाले नेभाराका ढलेका रुखहरूलाई उठाएर र बचाएर अस्तित्वमा ल्याउने कार्य गर्ने सोच राखेकी छिन्। प्रकृतिबाट प्राप्त हुने आशाका कारण उनी गाउँ नै बस्ने अठोट गरेकी छिन्। प्रकृतिबाट प्राप्तिको अपेक्षाले कालेकी आमामा जागृत भएका विचारहरू अस्तित्वमा आएकाले यस कथामा शून्यतादर्शन छ भनिएको हो।

## २.४ कथान्तकमा शून्यता

काम गर्दै गफमा भुलिँदा महत्त्वपूर्ण काम छुट्न सक्छन् भन्ने आशय अन्तिम वाक्यको रहेको छ। कालेकी आमाले भन्दै थिइन्, एकदम ढिलो भइसकेछ आज मलाई कालेका बाबुले मार्छन् (राई, २००४, पृ.१६)।

यहाँ कालेकी आमाले आफैँले जानेर समयमै घर पुग्ने कुरा गरेकी छैनन्। घर फर्किने सन्दर्भका लागि श्रीमान्का डर र घरका कारण कालेकी आमा घर चाँडै पुग्नुपर्ने प्रसङ्ग छ। यसरी अरूका निम्ति निर्वाह गर्ने धर्म मिथ्या हो; झूटो हो; भ्रम हो। मिथ्या जहिल्यै स्वभावरहित हुन्छ। मिथ्याको आफ्नो स्वभाव हुँदैन। मिथ्या

स्वभावरहित भएकाले शून्य हुन्छ (नागार्जुन, मूलमध्यमककारिका १३ परीक्षा। श्लोक २)। त्यसर्थ अन्तिम वाक्यले शून्यता दर्शनको मतलाई प्रस्तुत गरेको छ।

## ३. निष्कर्ष

राईले रातभरि हुरी चल्यो कथामा दैनिक जीवनका सामान्य घटनालाई दार्शनिक अर्थका साथ प्रस्तुत गरेका छन्। यो कथा शून्यतादर्शनका दृष्टिले सबल छ। यस कथामा निःस्वभावता, सापेक्षिक सम्बन्ध, निर्भरता, प्रपञ्चको शमन र दृष्टि विनाशका आदि प्रसङ्गहरू स्वाभाविक रूपमा प्रयोग भएको छ। शून्यतादर्शनका लक्षणहरू यस कथामा पाइएका छन्। कथाका तत्त्वहरू कथानक, मूल्याङ्कन, परिणाम र कथान्तकका आधारमा विश्लेषण गर्दा शून्यता प्रतिविम्बित भएको छ। कथानकमा जीवनका क्षण वा पक्षका निर्भरता, दृष्टि विनाश, प्रपञ्चको खेल, अपेक्षालाई उजागर गरिएको छ। कथाको मूल्याङ्कनमा पनि सापेक्षिक भएर सम्बन्ध बनेको, कल्पित विषय र कल्पनाको सहसम्बन्ध देखाइएको छ। कथाको परिणाममा सापेक्ष भएर अस्तित्वमा आउने प्रसङ्गले स्थान पाएको छ। अन्त्यमा कथाको कथान्तकको निष्कर्षमा मिथ्या वा भ्रम स्वभावरहित हुने भएकाले शून्यता छ भनिएको हो। कथाका पात्रहरूले सम्पूर्ण कथानकलाई डोहोऱ्याउदा उत्पन्न हुने कार्य, परिवेश र सामाजिक संघर्ष आदिका कारणले गरिने मूल्याङ्कन, परिणाम र कथान्तकलाई शून्यवादका दृष्टिले अध्ययन गरिएको छ। यस लेखले साहित्यिक सिर्जनामा प्रविष्टि भएको दर्शनलाई खोजी गर्ने तरिकालाई देखाउँछ। साहित्यकारले दर्शन अध्ययन गरी वा नगरी साहित्य सिर्जना गरेको भए तापनि त्यसभित्र अनेक दर्शन खोजी गर्न सकिन्छ।

## सन्दर्भसूची


1. अधिकारी, दे. र पाण्डे, ध्रु. (२०२२)। *रिसर्च मेथोडोलोजी*। अस्मिता बुक्स पब्लिसर एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि.।
2. आचार्य, नागार्जुन (सन् १९९४)। विग्रहव्यावर्तनीः स्वोपज्ञ वृत्तिसहित। एस. मुखर्जी र स्वामी द्वारिकादास शास्त्रीद्वारा अनूदित, बौद्ध भारती।
3. आचार्य, नागार्जुन (सन् १९९६)। शून्यतासप्ततिः स्वोपज्ञवृत्त्या समन्विता। आचार्य सेम्पा दोर्जेद्वारा संस्कृत–पुनरुद्धार, हिन्दी अनुवाद एवं सम्पादित, दोस्रो संस्करण, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान।
4. कुमार, अ. (सन् २०१८)। बौद्धदर्शन में शून्यवाद। प्रथम संस्करण, परिमल पब्लिकेसन्स।
5. जोशी, ला. (सम्पा.)। (२००९). *वज्रच्छेदिका प्रज्ञा पारमिता*। केन्द्रीय उच्च तिब्बती संस्थान।
6. राई, इ.ब. (सन् २००४)। इन्द्र सम्पूर्ण ग्रन्थ– १। सम्पा.विजयकुमार राई, निर्माण प्रकाशन।
7. शर्मा, उ. (२०८१)। "इन्द्रबहादुर राईका कथामा परम्परावादी र प्रयोगवादी प्रवृत्ति", सरस्वती सदन, पूर्णाङ्क ९ (१०, पृ. १–८।
8. शर्मा, मो. (२००६)। समकालीन समालोचनाः सिद्धान्त र प्रयोग। दोस्रो संस्करण, अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन,।
9. Kamalaśīla. (1986). *First Bhāvanākrama*. In G. Tucci (Ed.), *Minor Buddhist texts* (Part I, p. 201). Serie Orientale Roma.
10. Kothari, C. R., & Garg, G. (2024). *Research methodology: Methods and techniques* (5th ed.). New Age International Pvt. Ltd. Publishers.
11. *Mūlamadhyamaka-kārikā*. (N.D.). Digital Sanskrit Buddhist Canon, University of the West, https://www.dsbcproject.org/canon-text/content/932/3061. Accessed 27 Dec. 2025.